## नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः ९, मंसिर २२ गते, २०७९ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## गर्भवती महिला पोषण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।७।२२

**प्रस्तावनाः** व्यास नगरपालिका क्षेत्रभित्र मातृ नवशिशु तथा नवशिशु स्वास्थ्य र पोषण प्रवर्द्धन एवं व्यवस्थापन गर्न, स्वास्थ्य क्षेत्र सुदृढ गर्न तथा कुपोषण मुक्त बालबालिकाको विकास गर्न र मातृ मृत्युदर घटाउन आवश्यक कानूनी व्यवस्था गर्न बान्छनीय भएकाले व्यास नगरपालिका नगर कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमिति गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगर कार्यपालिकाले नगरपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने गर्भवती महिलालाई पोषण प्रोत्साहन सेवा प्रदान गर्ने उद्देश्यले गर्भवती महिला पोषण (महिलासँग उपमेयर) कार्यक्रम सञ्चालन कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका गर्भवती महिला पोषण कार्यक्रम (महिलासँग उपमेयर) सञ्चालन कार्यविधि २०७९ रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यालय" भन्नाले व्यास नगरपालिका नगर कार्यापालिकाको कार्यालय सम्झनु पर्छ ।

(ख) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐनको दफा ८४ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको नगर सभा सम्झनु पर्छ ।

(ङ) "कार्यक्रम योजना" भन्नाले मातृ तथा नवशिशु स्याहार मोडेल कार्यक्रम विशेष अनुदान संघ, प्रदेश र स्थानीय तहबाट तय गरिने कार्यक्रम समेतलाई जनाउँछ ।

(च) "गर्भवती महिला पोषण कार्यक्रम" भन्नाले नगरपालिका भित्र रहेका लक्षित गर्भवती संरक्षण एवं पोषण स्थितिको व्यवस्थापन सम्झनु पर्छ ।

(छ) "लक्षित वर्ग" भन्नाले गरिब, विपन्न, दलित, असहाय, सिमान्तकृत, अल्पसंख्यक, वेसहारा, न्यून आय, रोजगार विहिन, एकल र अपाङगता प्रकृतिका पारिवारिक अवस्थामा रहेका नगरपालिका भित्र स्थायी बसोबास गर्ने सम्पूर्ण गर्भवती महिला मात्र सम्झनु पर्छ ।

(ज) "लक्षित व्यक्ति" भन्नाले नगरपालिका भित्र स्थायी ठेगाना भएका गर्भवती एवं हरेक आर्थिक वर्षका सुत्केरी महिला मात्र सम्झनु पर्छ ।

(झ) "अस्पताल तथा स्वास्थ्य संस्था" भन्नाले यस कार्यक्रमको प्रकृति तथा संवेदनशीलताले गर्दा यस नगरपालिका भित्र रहेका दमौली अस्पताल लगायत सम्पूर्ण स्वास्थ्य संस्था (सरकारी) मात्र सम्झनु पर्छ ।

(ञ) "कार्यक्रम अवधि" भन्नाले प्रत्येक आर्थिक वर्षको श्रावणदेखि आषाढ मसान्तसम्मको अवधि सम्झनु पर्छ ।

(ट) "जिम्मेवारी स्वास्थ्य कर्मी" भन्नाले कार्यक्रम प्रयोजनको लागि प्रमुख प्रशासकीय अधिकृतले सो कार्य गर्ने गरी तोकेको कर्मचारी तथा स्वास्थ्यकर्मी मात्र सम्झनु पर्छ ।

(ठ) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(ड) "कार्यपालिका" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ ।

**३.** **उद्देश्यः** यस कार्यक्रमको मुख्य उद्देश्य भनेको नगरपालिका भित्र रहेका गर्भवती महिलाहरुलाई पोषण प्रोत्साहन रकम प्रदान गरी कुपोषण हुनबाट बचाउन, प्रोटोकल अनुसार गर्भवती जाँच गर्न प्रोत्साहन गरी संस्थागत सुत्केरी बढाउनु हो साथै नगरपालिका अन्तरगतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवाको प्रवाहीकरणको सुनिश्चितता गर्नु पनि यस कार्यक्रमको उद्देश्य रहेको छ ।

४. नगरपालिका भित्र रहेका सरकारी स्वास्थ्य संस्थामा प्रोटोकल अनुसार नियमित गर्भ जाँच गर्न गर्भवती (मातृसेवा कार्यको आधारमा) यस कार्यक्रममा समेटिने छ । नगरपालिका भित्र रहेका सरकारी स्वास्थ्य संस्थाबाट कम्तिमा ३ पटक (४, ६ र ८ महिना) गर्भवती महिलालाई ८ महिनामा मातृ शिशुकार्ड र निजको निवेदनको आधारमा रु.५,०००। (पाँच हजार) वितरण गर्ने ।

५. गर्भवती महिला पोषण (महिलासँग कार्यक्रम उपमेयर) लक्षित गर्भवतीको हितमूलक कार्यक्रमलाई जनाउँदछ ।

(क) मातृसेवा कार्डमा आधारित भै लक्षित गर्भवती महिलाको पहिचान गर्ने ।

(ख) निजका परिवारका सहमती प्राप्त गरी कार्यक्रममा सहभागी गराउने ।

(ग) गर्भवती तथा प्रशुति पछि पोषणको व्यवस्था गर्ने । पोषण प्रोत्साहन रकम नगद पाँच हजार रुपैयाँ जनही उपलब्ध गराउने ।

६. **लाभग्राही पहिचान:** लक्षित वर्गलाई कार्यक्रममा सहभागी गराउने गरी स्वास्थ्य संस्था तथा वडा कार्यालय मार्फत जानकारी गराउने ।

७. **लाभग्राही छनौट समिति:** (१) लक्षित वर्ग लाभग्राही छनौट गर्नका लागि नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा देहाय बमोजिमको लाभग्राही छनौट तथा कार्यान्वयन समिति रहने छ:

(क) संयोजक -उपप्रमुख

(ख) सदस्य -प्रमुख प्रशासकीय अधिकृत

(ग) सदस्य -सामाजिक विकास समितिका संयोजक

(घ) सदस्य -कार्यपालिकाका महिला सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको एक जना महिला सदस्य

(ङ) सदस्य -शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख

(च) सदस्य -स्वास्थ्य शाखा प्रमुख

(छ) सदस्य सचिव -महिला, बालबालिका तथा समाजकल्याण उपशाखा प्रमुख

८. **भुक्तानी प्रकिया:** कार्यालयले लक्षित वर्गलाई कार्यक्रममा सहभागी भएको विस्तृत विवरण र स्वास्थ्य संस्थामा जाँच गरको मातृ सेवा कार्डको प्रतिलिपिको आधारमा नगदै रु. ५,०००। (अक्षरुपी पाँच हजार रुपैयाँ मात्र) भुक्तानी गरिने छ ।

९. **कार्यविधिमा परिमार्जन तथा संशोधन:** यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या देखिएमा व्यास नगर कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन संशोधन गर्न सक्नेछ ।

१०. **खारेजी:** यस कार्यविधिका कुनै दफा, उपदफा लगायत सबै खण्ड वा आंशिक खण्ड कुनै विषय प्रदेश कानुन, संघीय कानुन र अन्य कुनै कानुन वा स्वास्थ्य कार्यक्रमसँग प्रत्यक्ष दोहोरो हुने गरी बाँझिएमा वा दोहोरो परेमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले

हरिराम नागिला

प्रमुख प्रशासकीय अधिकृत